संघीय संसद
राष्ट्रिय सभा
राष्ट्रिय सरोकार तथा समन्वय समिति

बैठक संख्याः १५३
मिति २०७९/११/३०
समयः विहान ११:३० बजे
प्रारम्भः बिहान ११:४० बजे
अन्त्यः दिनको २:४५ बजे

<u>छलफल तथा निर्णय</u> :-

(१) समितिको आज मिति २०७९/११/३० गते मंगलबार बसेको समितिको बैठकमा राष्ट्रिय सभाका माननीय सदस्य खिमलाल देवकोटा, अर्थ मन्त्रालयका सचिव तोयम राया, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका सचिव भरतमणि सुबेदी र राष्ट्रिय योजना आयोगका सहसचिव समेतसँग चालु आ.व.को राजस्व परिचालन तथा खर्चको अवस्था, आ.व.२०८०/८१ को बजेट तर्जुमाका सन्दर्भमा बजेटका प्राथामिकता , राजस्व परिचालन र खर्चको अनुमान, वित्तिय हस्तान्तरण, राजस्व बाँडफाँड लगायत राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगबाट भएका सिफारिस र कार्यान्वयनको अवस्था, आयोजना/योजना छनौटको मापदण्ड, आयोजना बैंक, स्रोत अनुमान, प्रदेश र स्थानीय तहका आयोजना र बजेटसँग समन्वय, संघीयता कार्यान्वयन, अध्ययन तथा अनुगमन संसदीय विशेष समितिको वित्तिय संघीयता सम्बन्धी सिफारिसको कार्यान्वयन अवस्था सम्बन्धमा छलफल एवं अन्तरक्रिया सम्पन्न भयो।

(२) समितिको मिति २०७९ पौष ६ गते बुधबार बसेको बैठकबाट समितिको कार्ययोजना अनुसार तोकिएका कार्यक्षेत्र अध्ययन गरी सोको प्रतिवेदन समिति समक्ष पेश गर्न राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १५२ को उपनियम (५) बमोजिम गठित राष्ट्रिय सुरक्षा, मानव अधिकार तथा अन्तराष्ट्रिय सम्बन्ध अध्ययन उपसमिति, समन्यायीक विकास एवं राष्ट्रिय सम्पदा अध्ययन उपसमिति र राज्यको तहगत संरचनाको विकासमा समन्वय तथा संवैधानिक आयोग सम्बन्धी बिषय अध्ययन उपसमितिहरुलाई समितिको कार्यक्षेत्र अन्तर्गतका राष्ट्रिय गौरवका आयोजनाहरु अन्तर्राष्ट्रिय सिमाना, विश्व सम्पदा सुचीमा सुचिकृत राष्ट्रिय सम्पदा, पिछडिएको क्षेत्र सम्बन्धी विषयमा स्थलगत अनुगमन एवं अन्तरक्रिया गर्ने आवश्यक व्यवस्था मिलाउन समिति सचिवालयलाई निर्देशन दिने निर्णय भयो।

(३) समितिको आगामी बैठक अर्को सूचना भएपछि बस्ने गरि आजको बैठक अन्त्य भयो।

(सीता काफ्ले वाग्ले)
समिति सचिव

(मा.दिल कुमारी रावल थापा (पार्वती))
सभापति